बिशेष आर्थिक कल्याणकारी कार्यक्रम योजना सञ्चालन निर्देशिका -२०६८ को परिच्छेद ३ दफा ५.१ अन्तर्गत सहुलियत ऋण व्यवस्था लागु गर्न बनेको

# सहुलिय ऋण कार्यबिधि -२०७०

२०५२

प्रहरी कल्याण कोष

प्रहरी प्रधान कार्यालय,

कल्याण शाखा, नक्साल

# सहुलियत ऋण कार्यविधि-२०७०

**प्रस्तावना**

नेपाल प्रहरीको सकल दर्जालाई आर्थिक राहत दिने उद्धेश्यले आन्तरीक श्रोत परिचालन तथा सम्पुर्ण प्रहरी कर्मचारीबाट मासिक कट्टा भएको रकम र प्रहरी कल्याण कोषको मुलधन द्वारा आर्जित व्याज रकमबाट अनुदान थप गरी सम्बन्धित व्यक्तिको नाममा जम्मा रकमबाट बिभिन्न आर्थिक कल्याणकारी योजनाहरु जस्तै :- ऋृण सहुलियत,दुर्घटना क्षतीपुर्ती,औषधोपचार आदि कार्यक्रम सञ्चालन गर्ने उद्धेश्यले प्रहरी कल्याण कोष बिशेष आर्थिक कल्याणकारी कार्यक्रम योजना स्थापना भएको हो । प्रहरी कल्याणकोष बिशेष आर्थिक कल्याणकारी कार्यक्रम योजना संचालन (कार्यबिधि) निर्देशिका- २०६८ को परिच्छेद ३ को ५.१ मा भएको ऋण सुहलियत सम्बन्धि व्यबस्था लागु गर्न मिति २०७०।०६।०७ गते बसेको प्रहरी कल्याण कोष पाँचौ साधारण सभा बैंठकबाट निर्णय भएकोले सो ऋण प्रवाह गर्न यो "सहुलियत ऋण कार्यबिधि-२०७०" तयार गरी लागु गरिएको छ ।

१. **कोषको लगानी:-**

पाँचौ साधारण सभाबाट बहालवाला सकल दर्जाका प्रहरी कर्मचारीहरुको सुविधाको लागी छुट्याईएको रु.७ करोड आ.व.०७०।०७१ मा नेपालभर छरिएका सम्पुर्ण कर्मचारीहरुले समानुपातिक हिसावमा ऋण सुविधा प्राप्त गर्ने छन् ।

२. **कोषको समानुपातिक बाँडफाँड:-**

हाललाई उपलव्ध रु.७ करोडलाई प्र.प्र.का.,महानगरीय प्रहरी आयुक्तको कार्यालय तथासबै क्षे.प्र.का.मातहत अर्न्तगत रहेका सकल दर्जाहरुले समानुपातिक रुपमा सुबिधाको उपभोग गर्न निम्नानुसार बाँडफाँड गरिएकोछ ।

| सि.नं. | प्रहरी ईकाईहरुको बर्गीकरण | जनशक्ति | जनशक्ति% | कोषको बाँडफाँड रकम |
|---|---|---|---|---|
| १ | प्र.प्र.का तथा मातहत | ५१८१ | ७.७२% | ५४,००,०००।- |
| २ | म.न.प्र.आ.को का.तथा मातहत | १०८७० | १६.१९ % | १,१३,५०,०००।- |
| ३ | पु.क्षे.प्र.का.तथा मातहत | १२१३० | १८.०७ % | १,२६,५०,०००।- |
| ४ | म.क्षे.प्र.का.तथा मातहत | १२५८८ | १८.७५ % | १,३१,००,०००।- |
| ५ | प.क्षे.प्र.का.तथा मातहत | १०७७३ | १६.०५ % | १,१२,५०,०००।- |
| ६ | म.प.क्षे.प्र.का.तथा मातहत | ९४८२ | १४.१३ % | ९९,००,०००।- |
| ७ | सु.प.क्षे.तथा मातहत | ६०९७ | ९.०८% | ६३,५०,०००।- |

३. सहुलियत ऋण लगानी बोर्ड :

(क) प्रहरी प्रधान कार्यालय,कल्याण शाखा प्रमुख ........................................अध्यक्ष

(ख) प्रहरी प्रधान कार्यालय,कल्याण शाखा लेखाप्रमुख.................................. सदस्य

(घ) प्र.प्र.का.कल्याण कोष बि. आर्थिक कल्याणकारी योजना प्रमुख..........सदस्य सचिव

४. **सहुलियत ऋण लगानी बोर्डको जिम्मेवारी तथा काम/कर्तव्य :** लगानी बोर्डको जिम्मेवारी, काम कर्तव्य निम्न बमोजिम हुनेछ :

(क) सहुलियत ऋण वितरणको लागि अनुमानित ऋण रकमको आय व्ययको विवरण आगामी आ.ब.को बजेटमा समावेश गरी अनुमानित बजेट स्विकृत गराउने ।

(ख) "सहुलियत ऋण कार्यविधि" २०७० अनुसार सहुलियत ऋण सुविधामा लगानी गर्ने ।

(ग) सहुलियत ऋणीहरुबाट तोकिएको किस्तामा ऋण असुली गर्ने ।

(घ) सहुलियत ऋणीहरुले तिरेको व्यक्तिगत अभिलेख, विमा तथा जमानतको कागजपत्र सुरक्षित र व्यवस्थित राख्न लगाई अनुगमन गर्ने ।

(ङ) प्रत्येक आ.ब.को अन्तमा सहुलियत ऋण लगानी तथा असुल उपर भएको वार्षिक प्रतिवेदन तयार पारी प्रहरी कल्याण कोषको साधरण सभामा पेश गर्ने ।

(च) प्रत्येक आ.ब.को पहिलो महिना भित्र सहुलियत ऋण बिशेष आथिक कल्याणकारी कार्यक्रम योजना शाखामा रहेको सहुलियत ऋण असुलीको अभिलेख जाँची ठिक भएको प्रमाणित गराउने ।

(छ) बर्ष भरीको कारोवारको लेखा परीक्षण गराउने ।

५. **सहुलियत ऋण सुविधा प्राप्त गर्न सक्ने अवस्था :**

(क) सेवा अवधि कम्तीमा १० वर्ष पुरा भएको हुनुपर्ने तथा सेवा अवधि उमेरको हिसाबले ५ वर्ष सेवा अवधि बाँकी रहेको हुनुपर्ने ।

(ख) प्रहरी कल्याण कोषबाट हाल किस्ताबन्दी सुबिधा लिईरहेका प्रहरी कर्मचारीहरुले ऋण चुक्ता पश्चात मात्र सहुलियत ऋण प्रदान गरिने ।

(ग) नेपाल प्रहरीका बहालवाला सकल दर्जालाई व्यक्तिगतरुपमा सामाजिक कार्य गर्न, आवास व्यबस्था तथा सन्ततीको उच्चशिक्षामा पर्ने आथिक समस्या समाधानको लागि ऋण सहुलियत दिईने छ ।

६. **सहुलियत ऋण सुविधा प्राप्त गर्ने प्रक्रिया**

(क) ऋण सुविधा लिन चाहने कर्मचारीहरुले योजनाले तयार गरेको अनुसुचि- १ अनुसारको आवेदन फारम भरी आबश्यक कागजात सहित आफु कार्यरत रहेको सम्बन्धित प्र.प्र.का तथा मातहत, म.न.प्र.आ.को कार्यालय तथा मातहत, क्षे.प्र.का.,अं.प्र.का.,जि.प्र.का.तथा गणबाट सिफारिस गराई बिशेष आर्थिक कल्याणकारी कार्यक्रम योजना शाखामा दर्ता गराउनु पर्ने ।

(ख) बिशेष आथिक कल्याणकारी कार्यक्रम योजना शाखाले प्राप्त आवेदनहरु प्रक्रिया पुगेको नपुगेको एकिन गरी तोकिएको बोर्ड समक्ष पेश गर्ने ।

(ग) बोर्डले सहुलियत ऋण माग भएको आवेदकहरुलाई स्वीकृतीको लागी प्रशासन बिभाग प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षकज्यूमा सिफारिस गरी स्वीकृती भए पश्चात ऋण बितरण गर्ने ।

(घ) क्षेत्रगत रुपमा बाँडफाँड भएको रकमको परिधीमा रही आवेदन गरेको मितिका आधारमा First Come First serve को निती अवलम्वन गरी ऋण प्रवाह गरिने छ ।

७. <u>**किस्ता, व्याज तथा अन्य दस्तुर :**</u>

(क) ब्याजदर : वार्षिक ७ प्रतिशत (घट्दो मौज्दातमा आधारित) ।

(ख) व्याज आयको बितरण :-

बिशेष आर्थिक कल्याणकारी कार्यक्रम अर्न्तगत संचालित सहुलियत ऋण कार्यक्रममा आर्जित व्याज मध्य ६.७५% कोषको मुलधनमा आम्दानी गरिने छ । बाँकी ०.२५% व्याज आम्दानीबाट सहुलियत ऋण कार्यक्रमको प्रशासनिक खर्च संचालन गरिने छ ।

८. <u>**सहुलियत ऋण असुली प्रक्रिया**</u>

(क) सहुलियत ऋण किस्ता तीर्ने समयावधि ५ बर्ष ६० किस्ताको हुनेछ ।

(ख) तलव भत्ता खर्च लेख्ने कार्यालयहरुले किस्ता बापतको रकम उपत्यका भित्रको हकमा अर्को महिनाको ७ गते भित्र र उपत्यका बाहिरको हकमा १५ गते भित्र निम्न अनुसार बुझाउनु पर्ने छ ।

(१) सहुलियत ऋण बिशेष आथिक कल्याणकारी योजना शाखाको बैंक खातामा जम्मा गरी सो को भौचर फाँटवारी सहित बिशेष आथिक कल्याणकारी कार्यक्रम योजना शाखामा पठाउनु पर्नेछ ।

(ग) सापटि लिने कर्मचारी कुनै कारण बस सेवा बाट हटेमा तिर्न बाँकी किस्ता बापतको रकम एक मुष्ट असुल उपर गरिने छ ।

(घ) लगातार ३ किस्ता रकम नबुझाउने ऋणीलाई १५ दिन भित्र किस्ता चुक्ता गर्न सम्बन्धित कार्यालयमा पत्राचार गरिने छ ।

९. <u>**आवश्यक कागजात**</u>

(क) प्रहरी प्रधान कार्यालय कल्याण कोषबाट प्रमाणित भएको किस्ताबन्दी सुबिधा नलिएको भन्ने खुलेको कागजात/प्रमाण ।

(ख) कार्यालय प्रमुखको सिफारिस सहितको यस बिशेष आर्थिक कल्याणकारी योजनाबाट उपलब्ध गराईएको केरमेट नगरी पूर्ण रुपमा भरिएको फाराम ।

(ग) सेवा अवधि १० वर्ष पुगेको प्रमाण (तिनपुस्ते अभिलेख) ।

(घ) नेपाली नागरिकताको प्रतिलिपी ।

(ङ) PMIS CODE (COMPUTER CODE) ।

अनुसूचि - १

(पाना २ को दफा ६ को उपदफा (क) सँग सम्बन्धित)

# सहुलियत ऋण निवेदन फाराम

फोटो

श्रीमान् प्रहरी अतिरिक्त महानिरीक्षकज्यू,
प्रहरी प्रधान कार्यालय,प्रशासन बिभाग नक्साल काठमाण्डौ ।

विषय: **कल्याणकारी सहुलियत ऋण उपलब्ध गराई पाउँ ।**

उपरोक्त विषयमा मलाई व्यक्तिगत रुपमा सामाजिक कार्य गर्न/ आवासको व्यवस्था गर्न/सन्ततीको उच्चशिक्षामा पर्ने आथिक समस्या समाधान गर्न/सहुलियत ऋण सुविधा आवश्यक परेकोले मेरो व्यक्तिगत र पारिवारिक सहमतिमा नेपाल प्रहरीको कल्याणकारी योजना अर्न्तगत निम्नानुसार पाउने सहुलियत ऋण बार्षिक ७% का दरले लाग्ने व्याज सहित ५ वर्ष भित्र कट्टा हुने गरी रु............................... (अक्षेरेपी) ........................................ मेरो मासिक तलब भत्ताबाट नियमानुसारको किस्ता कट्टा हुने गरी प्रहरी कल्याण कोषबाट सहुलियत ऋण रकम उपलब्ध गराई पाउन अनुरोध गर्दछु, साथै उक्त ऋण रकमको किस्ता चुक्ता नहुदैजागिरबाट अवकाश भएमा मेरोनाममा बिशेष आर्थिक कल्याणकारी योजनामा मासिक रुपमा कट्टा भई जम्मा भएको रकमबाट र सोबाट पनि असुल उपर हुन नसकेमा मेरो घर घरानाबाट असुल गरी लिएमा समेत मेरो मञ्जुरी छ, भनि यो निवेदन पेश गरेको छु ।

१. **व्यक्तिगत विवरण:**

(क) दर्जा :
(ख) नाम थर :
(ग) बाबुको नाम थर :
(घ) बाजेको नाम थर :
(ङ) हालको दरबन्दी :
(च) स्थायी ठेगाना -:
(१) अञ्चल : (२) जिल्ला : (३) न.पा. / गा.वि.स. :
(४) वडा नं. : (५) टोल : (६) घर नं. :
(७) फोन नं.
(छ) अस्थायी ठेगाना:-
(१) अञ्चल : (२) जिल्ला : (३) न.पा. / गा.वि.स. :
(४) वडा नं. : (५) टोल : (६) घर नं. :
(७) फोन नं.
(ज) कम्प्यूटर कोर्ड नं.
(झ) नागरिकता नं. जिल्ला:-

२. **ऋणको विवरण :**

(क) ऋण लिएको छ / छैन
(ख) ऋण लिएको मिति - २० / / गते ।
(ग) चुक्ता गरेको मिति - २० / / गते ।

३. माथि उल्लेखित नियम र शर्तनामा अनुसार सहुलियत ऋण लिनको लागि मञ्जुर छु भनि सहीछाप गर्दछु ।

निवेदकको सही : ............................................. छाप : -

| दाँया | बायाँ |
|---|---|
| | |

४. निवेदकले सहुलियत ऋण माग गरेको मितिमा नियमानुसार सेवा अवधी पुगेकोले निजलाई सहुलियत ऋण उपलब्ध गराई दिनुहुनको साथै निजले लिएको सहुलियत ऋण निजको मासिक तलबबाट कट्टा गरी तोकिएको अवधि भित्र चुक्ता गरी बुझाउन लगाईनेछ। साथै सेवा छाडी गएमा निजको संचित वीमा रकमबाट कट्टा गरी नपुग हुन आउने रकम निजको घर घरानाबाट असुल उपर गरी बुझाउन बाँकी सहुलियत ऋण रकम बुझाउन लगाईने गरि सहुलियत ऋण उपलब्ध गराउन सिफारिस गर्दछौं।

**सम्बन्धित कार्यालयले भर्ने :-**

| | | |
|---|---|---|
| लेखा प्रमुखको<br>दर्जा, नाम थर :-<br>दस्तखत :-<br>मिति : २०७  /  /  गते। | कार्यालयको छाप :- | कार्यालय प्रमुखको :-<br>दर्जा, नाम थर :-<br>दस्तखत :-<br>मिति :२०७  /  /  गते। |

**सिफारिस गर्ने :-**

निवेदकको व्यहोरा ठिक छ। सहुलियत ऋण सुविधा रु. .................. स्वीकृत हुन सिफारिस गर्दछौं।

| | | |
|---|---|---|
| ............................<br>बि.आ.क.योजना प्रमुख | .................................<br>कल्याण शाखा  लेखा प्रमुख | ........................................<br>सहुलियत ऋण बोर्ड अध्यक्ष<br>२०७  /  /  गते। |

नोट :- आवेदकले ३ प्रति फारम भरि पठाउने।

अनुसूचि - १

( पाना २ को दफा ६ को उपदफा (क) सँग सम्बन्धित)

# सहुलियत ऋण निवेदन फाराम

| फोटो |
| --- |

श्रीमान् प्रहरी अतिरिक्त महानिरीक्षकज्यू,
प्रहरी प्रधान कार्यालय,प्रशासन बिभाग नक्साल काठमाण्डौ ।

विषय: **कल्याणकारी सहुलियत ऋण उपलब्ध गराई पाउँ ।**

उपरोक्त विषयमा मलाई व्यक्तिगत रुपमा सामाजिक कार्य गर्न/ आवासको व्यबस्था गर्न/सन्ततीको उच्चशिक्षामा पर्ने आर्थिक समस्या समाधान गर्न/ सहुलियत ऋण सुविधा आवश्यक परेकोले मेरो व्यक्तिगत र पारिवारिक सहमतिमा नेपाल प्रहरीको कल्याणकारी योजना अर्न्तगत निम्नानुसार पाउने सहुलियत ऋण बार्षिक ७ % का दरले लाग्ने ब्याज सहित ५ वर्ष भित्र कट्टा हुने गरी रु............................ (अक्षेरेपी) ...................................... मेरो मासिक तलब भत्ताबाट नियमानुसारको किस्ता कट्टा हुने गरी प्रहरी कल्याण कोषबाट सहुलियत ऋण रकम उपलब्ध गराई पाउन अनुरोध गर्दछु, साथै उक्त ऋण रकमको किस्ता चुक्ता नहुदै जागिरबाट अवकाश भएमा मेरो नाममा बिशेष आर्थिक कल्याणकारी योजनामा मासिक रुपमा कट्टा भई जम्मा भएको रकमबाट र सोबाट पनि असुल उपर हुन नसकेमा मेरो घर घरानाबाट असुल गरी लिएमा समेत मेरो मञ्जुरी छ, भनि यो निवेदन पेश गरेको छु ।

१. **व्यक्तिगत विवरण:**

(क) दर्जा :
(ख) नाम थर :
(ग) बाबुको नाम थर :
(घ) बाजेको नाम थर :
(ङ) हालको दरबन्दी :
(च) स्थायी ठेगाना -:

(१) अञ्चल : (२)जिल्ला : (३) न.पा. / गा.वि.स. :
(४)वडा नं. : (५)टोल : (६) घर नं. :
(७) फोन नं.

(छ) अस्थायी ठेगाना:-

(१) अञ्चल : (२) जिल्ला : (३) न.पा. / गा.वि.स. :
(४) वडा नं. : (५) टोल : (६) घर नं. :
(७) फोन नं.

(ज) कम्प्यूटर कोर्ड नं. ( झ) क.सं.कोष नं.
(ञ) नागरिकता नं. जिल्ला:-

२. **ऋणको विवरण :**

(क) ऋण लिएको छ / छैन
(ख) ऋण लिएको मिति - २० / / गते ।
(ग) चुक्ता गरेको मिति - २० / / गते ।

३. माथि उल्लेखित नियम र शर्तनामा अनुसार सहुलियत ऋण लिनको लागि मन्जुर छु भनि सहीछाप गर्दछु ।

निवेदकको सही : ......................................... छाप : -

| दाँया | वायाँ |
|---|---|
| | |

४. निवेदकले सहुलियत ऋण माग गरेको मितिमा नियमानुसार सेवा अवधी पुगेकोले निजलाई सहुलियत ऋण उपलब्ध गराई दिनुहुनको साथै निजले लिएको सहुलियत ऋण निजको मासिक तलबबाट कट्टा गरी तोकिएको अवधि भित्र चुक्ता गरी बुझाउन लगाईनेछ । साथै सेवा छाडी गएमा निजको संचित वीमा रकमबाट कट्टा गरी नपुग हुन आउने रकम निजको घर घरानाबाट असुल उपर गरी बुझाउन बाँकी सहुलियत ऋण रकम बुझाउन लगाईने गरि सहुलियत ऋण उपलब्ध गराउन सिफारिस गर्दछौं।

**सम्बन्धित कार्यालयले भर्ने :-**

| | | |
|---|---|---|
| लेखा प्रमुखको<br>दर्जा, नाम थर :-<br>दस्तखत :-<br>मिति : २०७ / /<br>गते । | कार्यालयको छाप :- | कार्यालय प्रमुखको :-<br>दर्जा, नाम थर :-<br>दस्तखत :-<br>मिति :२०७ / /<br>गते । |

५. प्रहरी कल्याणकोष किस्ताबन्दी शाखाले प्रमाणित गर्नु पर्ने:

निज प्र.......................ले किस्ताबन्दी शाखाबाट सामान लिई रकम तिर्नु पर्ने अभिलेखबाट नदेखिएको/देखिएको व्यहोरा प्रमाणित गरीन्छ ।

| कम्प्युटर रुजु गर्ने : | प्रमाणीत गर्ने: |
|---|---|
| नाम: | नाम: |
| दर्जा: | दर्जा: |
| मिति: | मिति: |

**सिफारिस गर्ने :-**

| |
|---|
| निवेदकको व्यहोरा ठिक छ। सहुलियत ऋण सुविधा रु. .................... स्वीकृत हुन सिफारिस गर्दछौं ।<br><br>............................. ..................................<br>.......................................<br>बि.आ.क.योजना प्रमुख कल्याण शाखा लेखा प्रमुख सहुलियत ऋण बोर्ड अध्यक्ष<br><br>२०७ / / गते । |

नोट :- आवेदकले ३ प्रति फारम भरि पठाउने ।